म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २१ सोमबार ३ भदौ २०८१ ने. सं. ११४४ गुँलाथ्व 19 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सुनगाभा शिक्षा निकेतनको विशेष भेला

हेटौंडा, २ भदौ/हेटौंडा उपमहानगरपालिका-६ चौघडामा रहेको सुनगाभा शिक्षा निकेतन स्कूलको विशेष भेला शनिवार सम्पन्न भएको छ । विद्यालय व्यवस्थापन समिति अध्यक्ष रामहरि न्यौपानेको सभाध्यक्षतामा भएको भेलामा न्यौपानेले प्रगति प्रतिवेदन, प्रवन्धनिर्देशक रामहरि चौलागाईले आर्थिक प्रतिवेदन र प्रअ अरुण पराजुलीले शैक्षिक प्रतिवेदन पेश गरेका थिए ।

भेलाले विद्यालयलाई आवश्यकता परेको ६ कठ्ठा जमिन खरिद गर्ने निर्णय गरेको छ । भेलामा संस्थापक अध्यक्ष बासुदेव अधिकारी, पूर्वअध्यक्ष हिमाल पौडेल, लेखासंयोजक कुमारमणि दाहाल, उपाध्यक्ष साधुराम चौलागाई, विद्यालयका शिक्षक, शेयर सदस्यलगायतको उपस्थिति रहेको थियो । ९० जना शेयर सदस्य रहेको यस विद्यालयमा ६ सय ४० जना विद्यार्थी अध्ययनरत् छन् ।

# रोकिएन वनक्षेत्र अतिक्रमण, प्रदेशको चासो सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/मुलुक संघीयतामा गएपछि २०७४ बाट स्थानीय तहहरुले भवन निर्माण, खेलमैदान, पार्क, मन्दिर, भ्यूटावर सहित अन्य पूर्वाधारका संरचना निर्माणका क्रममा सरकारी वन बढी अतिक्रमणमा परेको पाइएको छ । बागमती प्रदेशमा सामुदायिक, कबुलियती र धार्मिक वनको झण्डै १३ हजार हेक्टर वनक्षेत्र अतिक्रणमा परेको छ ।

वन निर्देशनालय हेटौंडाले संकलन गरेको आर्थिक वर्ष २०८०/८१ को अद्यावधिक तथ्यांकअनुसार हालसम्म बागमती प्रदेशमा १२ हजार ९ सय ४६ दशमलव ७९ हेक्टर वनक्षेत्र अतिक्रमण भएको पाइएको हो । वन अतिक्रमणको अर्को शक्तिशाली पक्ष भनेको सुसुम्बासी, भूमिहिन र अब्यवस्थित बसोबासीबाट भइरहेको बताइएको छ । निर्देशनालयले वन अतिक्रमण रोक्नका लागि एकीकृत तथ्यांक पहिलोपटक तयार पारेको डिभिजन वन अधिकृत रामकुमार भण्डारीले जानकारी दिए ।

वन निर्देशनालयले अतिक्रमणमा परेको वनक्षेत्र फिर्ता ल्याउन तयारी थालनी गरेको छ । गत आव ०८०/८१ मा अतिक्रमित ४२ हेक्टर जमिन अतिक्रमणबाट फिर्ता गरी वनक्षेत्रमा कायम गरिएको निर्देशनालयका वन अधिकृत गणेश थापाले जानकारी दिए ।

दोलखाको १७ दशमलव १० हेक्टर, चितवनको ९ हेक्टर, धादिङको दशमलव १६ हेक्टर, काठमाडौंको ६ दशमलव ७४ हेक्टर, ललितपुर र भक्तपुरको १/१ हेक्टर, मकवानपुरको शुन्य दशमलव ५१ हेक्टर अतिक्रमित जमिनलाई वनक्षेत्र कायम गरिएको उनले बताए ।

वनक्षेत्र अतिक्रमण गर्ने व्यक्ति वा निकायबारे निर्देशनालय अनविज्ञ छ । वनक्षेत्रको अनुगमन र मूल्यांकन गर्ने निकायको जिम्मेवारी पाएको निर्देशनालयले आफू मातहतका १५ वटा डिभिजन वन कार्यालयमा अतिक्रमण गर्ने व्यक्ति वा निकायको विवरण रहेको जवाफ दिएको हो । 'हामीले तथ्यांक मात्रै माग्यौं । वनक्षेत्र अतिक्रमण गर्ने व्यक्ति वा निकायको विवरण डिभिजन कार्यालयमै छ,' अधिकृत थापाले भने । नेपाल विद्युत प्राधिकरण र सडक निर्माणको परियोजनाहरुले वनक्षेत्रका बोटबिरुवा प्रभाबित भइरहेको बताइएको छ ।

निर्देशनालयले अनुगमन तथा मूल्यांकन प्रतिवेदन बनाएर प्रदेश मातहतका १५ वटा डिभिजन वन कार्यालयको समन्वयमा अतिक्रमण भएको वनक्षेत्रको तथ्यांक एकीकृत गरेको हो । वन तथा वातावरण क्षेत्रको वर्तमान अवस्थाको स्थिति पत्र २०७५ अनुसार मुलुकभित्र ६६ लाख १० हजार हेक्टर वनक्षेत्र रहेकोमा १ लाख बढी हेक्टर क्षेत्र अतिक्रमणमा परेको थियो ।

१३ जिल्लामध्ये सिन्धुलीमा सबैभन्दा बढी ६ हजार ४ सय ४ दशमलव ८७ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको वन अधिकृत भण्डारीले जानकारी दिए । मकवानपुरमा ३ हजार ५ सय ५६ दशमलव ९६, चितवनमा १ हजार ६ सय ८८, धादिङमा २ सय ४६ दशमलव ९६, रसुवामा ३६ दशमलव २७ र नुवाकोटमा ९३ दशमलव ९४ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको छ । यस्तै, काठमाडौंमा १३, ललितपुरमा ३०, काभ्रेमा २ सय ५८, सिन्धुपाल्चोकमा ७८ दशमलव ९०, रामेछापमा ४ सय ९५ दशमलव ५ र दोलखामा ४४ दशमलव ८५ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको हो । भक्तपुरमा भने वन क्षेत्र अतिक्रमणमा नपरेको तथ्यांक छ ।

बागमती प्रदेशमा ४ हजार ५ सय ३४ वटा सामुदायिक वन, ३ हजार ३ सय ३६ कबुलियती वन, ४९ वटा धार्मिक वन र निजीवन ६ सय ७३ वटा रहेको निर्देशनालयले जानकारी दिएको छ । यहाँ वन संरक्षणक्षेत्र २ वटा रहेको निर्देशनालयका सूचना अधिकारी गोविन्द अर्यालले जानकारी दिए । बागमतीको कुल क्षेत्रफलको ५३ दशमलव ७३ प्रतिशत वनक्षेत्र रहेको छ ।

सूचनाअधिकारी अर्यालले भने विगतदेखि नै सबैभन्दा धेरै वनक्षेत्र व्यक्तिबाट अतिक्रमणमा परेको बताए । संघीयता आएपछि अर्थात २०७४ बाट स्थानीय तहहरुले भवन निर्माण र खेलकुदमैदानसहित अन्य पूर्वाधारका संरचना निर्माणका क्रममा बढी अतिक्रमण गरेको अर्यालले दाबी गरे । वनक्षेत्रको अतिक्रमण रोक्न वन निर्देशनालयबाट मात्रै सम्भवन नभएको अर्याल बताउँछन् । प्रदेश मन्त्रालय, जिल्लास्थित स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, डिभिवन वन, प्रहरीलगायतको सक्रियतामा मात्रै अतिक्रमण रोक्न र अतिक्रमित जमिन वनक्षेत्र कायम गर्न सम्भवन हुने उनले बताए ।

## साहित्य संगममा पुगेर १९ जनाद्वारा रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/साहित्य संगम मकवानपुरको आयोजनामा आइतबार भएको रक्तदानमा १९ जनाले रक्तदान गरेका छन् । बिहान ७ बजेदेखि ९ बजेसम्म भएको रक्तदान कार्यक्रममा १९ जनाले रक्तदान गरेको संगमका अध्यक्ष डीवी बर्तौलाले जानकारी दिए ।

साहित्य संगम मकवानपुरको ३५ औं सन्ध्या दिवस अवसरमा रक्तदान कार्यक्रम आयोजना गरेको हो । नियमित साहित्य सन्ध्यमा विभिन्न साहित्यकारले रचनावाचन गरेका थिए । रक्तदान गरेका १९ जनालाई संस्थाले प्रमाणपत्र प्रदान गरेको थियो । आइतबार नै संगमले संयुक्त कवितावाचन तथा सन्ध्या सम्मान कार्यक्रम आयोजना गरेको थियो । साहित्य संगमले आयोजना गर्ने हरेक कार्यक्रममा उपस्थित हुने चेतप्रसाद पौडेललाई सन्ध्या सम्मानबाट सम्मानित गरेको थियो ।

मकवानपुरका हास्य व्यंग्यकार आरसी रिजालको प्रमुख आतिथ्यतामा पौडेललाई सन्ध्या सम्मान प्रदान गरेको हो । कार्यक्रममा साहित्यकार साम्ब ढकाल, सुवास खनाल, प्रतिमा पाठक र अनुसूया खनालले रचनावाचन गरेका थिए । कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका अध्यक्ष निमेष निखिललगायत विभिन्न साहित्य संघ संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**

सम्पर्क: ९८४५१७०४१५, ९८१७८२८४६१४, ९८४५९२७०५७


## बागमती प्रदेशको मुख्य न्यायाधिवक्तामा काफ्ले नियुक्त

साझाकुरा संवाददाता



हेटौंडा, २ भदौ/ बागमती प्रदेशको मुख्य न्यायधिवक्तामा शुकदेव काफ्ले नियुक्त भएका छन् । बागमतीको दोलखा जिल्ला तामाकोशी गाउँपालिका-३ निवासी काफ्लेलाई आइतबार प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले बामगती प्रदेशको मुख्य न्यायाधिवक्ता पदमा नियुक्त गरेका हुन् ।

नेपालको संविधानको धारा १६० उपधारा (२) बमोजिम प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामाको सिफारिसमा काफ्लेलाई मुख्य न्यायाधिवक्तामा नियुक्त गरिएको प्रदेश प्रमुख कार्यालयका सूचना अधिकारी प्रकाश चापागाईले जानकारी दिएका छन् ।

२५ वर्षदेखि निरन्तर कानुन व्यवसायीको रुपमा कार्य गर्दै आएका काफ्लेले यसअघि पूर्वकानुन तथा न्यायमन्त्री भीमबहादुर तामाङ र पूर्वमहिला तथा समाज कल्याणमन्त्री लिला कोइरालाको सल्लाहकारसमेत भएर काम गरि सकेका छन् ।

नेपाल बार एसोसिएसनको सदस्य रहेका काफ्ले नेपाल बार एसोसिएसन र काठमाडौं जिल्ला बारका विभिन्न समितिमा संलग्न भई काम गरिसेका छन् ।


## सम्पूर्ण ब्राण्डका गाडी

## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# मयुधाप औद्योगिक क्षेत्रको आशा

संघीय उद्योगमन्त्री दामोदर भण्डारीले हेटौंडा-१४ मा निर्माणाधीन मयुर धाप औद्योगिक क्षेत्र अब चाँडै सञ्चालनमा आउने आस्पासन दिएका छन् । शनिबार बिहान मयुरधाप औधोगिक क्षेत्र अनुगमनको क्रममा प्रतिक्रिया दिँदै मन्त्री भण्डारीले केपी शर्मा ओली पहिलोपटक प्रधानमन्त्री भएको समयमा प्रस्तावित गरिएको नयाँ औद्योगिक क्षेत्रकोरुपमा रहेको मयुरधापलाई औद्योगिक क्षेत्रलाई अब सञ्चालनको लागि कानुन निर्माण भैसकेकोले सरकारले डिपिआरको आधारमा सञ्चालनमा ल्याउने तयारी गरेको बताए । मयुरधाप औद्योगिक क्षेत्र नबन्ने कुरा लगभग पक्का भइसकेको अवस्थामा पुन एकपटक सरकारी निकायबाट बन्ने अभिब्यक्ति आएपछि हेटौंडाबासीलाई केही खुशी मिलेको छ । करिब ६ अर्ब लगानीमा निर्माण हुने औधोगिक क्षेत्रको कामलाई पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको कारण समस्यामा परेको थियो । निर्माणको चरण पूरा हुन नसकेको तर, अब यस ठाउँमा नै स्थापना हुने गरी कानुन संशोधन भएको भन्दै अब छिट्टै संचालनमा ल्याउने सरकारको तयारी रहेको मन्त्री भण्डारीले बताए ।

मयुरधाप औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न सूचना जारी भइसकेको थियो । मयुरधापलाई प्रदेशको उद्योगको हबको रुपमा सञ्चालन गर्न लगानीको वातावरण सृजना गरिरहेको बताउदै मन्त्री भण्डारीले सातै प्रदेशमा नयाँ औद्योगिक क्षेत्र विस्तारमा सरकार लागिरहेको बताए । आफू काठमाडौं पुगेर वन मन्त्रालयसँगको समन्वयमा इआइएको प्रक्रियालाई टुंगोमा पुऱ्याएर मयुरधापलाई चाँडै सञ्चालनमा ल्याउन आफू प्रतिवद्द भएको उनले बताए । पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका कारण यसअघि नै मयुरधाप औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण गर्ने क्रममा राष्ट्रिय निकुञ्ज बिभाग र वन मन्त्रालयले अवरोध गरेको थियो । मन्त्री भण्डारीले वन मन्त्रालयसँग समन्वय गरी छिट्टै मयुरधाप औद्योगिक क्षेत्रको पूर्वाधार निर्माणकार्य अघि बढाउने जानकारी दिए । हेटौंडा बजारबाट ७ किमि दक्षिणमा रहेको मयुर धापको कालापानीमा २६८० रोपनी जग्गामा प्रदेशस्तरको नयाँ औद्योगिक क्षेत्र स्थापना गर्न लागिएको थियो । जग्गा भोगाधिकार औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई प्राप्त भएपछि काम अगाडि बढाइएको हो । नयाँ औद्योगिक क्षेत्र स्थापनाको खबरले लगानीकर्तामा खुशियाली आएको थियो । तर, त्यो खुशी लामो समय टिक्न सकेन । हेटौंडाबाट काठमाडौं पुग्ने चारवटा सडक संचालनमा रहेको र द्रुतमार्ग र सुरुङमार्ग नबनेको खण्डमा पनि हेटौंडा-काठमाडौं यातायातमा सहजता छ । हेटौंडा-१३ र १४ दुईवडामा प्रस्ताबित औद्योगिक क्षेत्रमा के कस्ता औद्योगिक प्रतिष्ठान स्थापना गर्ने भन्ने विषयमा आसयपत्र माग गरी उद्योगीसँग निबेदन लिइएको थियो ।

कालापानीमा निर्माणाधीन औद्योगिक क्षेत्रमा ७ देखि १४ रोपनीसम्मका प्लट बनाइएको र त्यस्ता ६२ वटा प्लटमा औद्योगिक प्रतिष्ठान स्थापना गरिने बताइएको थियो । नेपालमा हाल हेटौंडासहित १० वटा औद्योगिक क्षेत्र सञ्चालनमा छन् । सरकारले ५ वर्षभित्र १७ औद्योगिक क्षेत्र बनाउने घोषणा गरेको पनि ७ वर्ष भइसकेको छ । सातै प्रदेशमा उद्योग विकास गर्ने उद्धेश्यले थप औद्योगिक क्षेत्र स्थापना गर्ने बताइएको थियो । बुट्यानले ढाकेको मयुरधापको जमिनमा ठूला रुख छैनन् । खाली रहेको जग्गा समथर छ । राजमार्गसँग जोड्न सडक पुऱ्याउन चुरियामाईको रातोमाटेमा लिङ्करोड निर्माण गरिएको छ । बिजुली पनि सहज ढंगले पुऱ्याउन सकिने भएकाले औद्योगिक क्षेत्र स्थापना गर्न उपयुक्त थलो रहेको छ । अनुत्पादक जग्गा उपयोगमा आउने र औद्योगिक क्षेत्रलाई आवश्यक पूर्वाधारहरु यो स्थानमा निर्माण गर्न सहज छ । हेटौंडा औद्योगिक क्षेत्रनजिक रहेकाले पनि मयुर धापको कालापानीमा औद्योगिक क्षेत्र स्थापना गर्न सहज भएको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले बताएको थियो । अमेरिकी सरकारको सहयोगमा २०२० सालमा २ सय १२ बिघा जमिनमा हेटौंडा औद्योगिक क्षेत्र स्थापना गरिएको थियो । हेटौंडा औद्योगिक क्षेत्रनजिक मयुरधापमा २ सय ६ बिघा जमिनमा औद्योगिक क्षेत्र स्थापना गर्न लागिएको हो । मयुरधापको कालापानीमा निर्माणाधीन औद्योगिक क्षेत्रमा प्रत्यक्ष रुपमा १० हजार जनाले रोजगारी पाउने बताइएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ४ गते मंगलबार २० अगष्ट २०२४ । प्रतिपदा, भाद्र कृष्णपक्ष । गुँलागा ११४४ ने.सं. । सूर्योदय ५:३७, सूर्यास्त ६:३५ । गोयात्रा (गाईजात्रा) सापारु

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : लगानीको अवसर जुट्नेछ | तुला | : आम्दानी बढ्नेछ |
| वृष | : यात्रा अघि बढ्न सक्नेछ | वृश्चिक | : पितृधन लाभ हुनेछ |
| मिथुन | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | धनु | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| कर्कट | : छिमेकमा असमझदारी बढ्नेछ | मकर | : कृषिमा हानि हुनेछ |
| सिंह | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ | कुम्भ | : व्यापारमा फाइदा मिल्नेछ |
| कन्या | : समय उत्साहवर्द्धक छ | मीन | : इनाम हात पर्नेछ |

# अन्योलमा पत्रकार महासंघको निर्वाचन



✍ गंगा बराल

**पटकपटक** निर्वाचनको मिति सर्दै आएको नेपाल पत्रकार महासंघको निर्वाचन हुने छाँटकाँट छैन । आज मतदाता नामावली आउला र चुनावी कार्यतालिका पनि सँगै आउला भनेर पत्रकारले बाटो हेरेको महिनौं भइसक्यो । पत्रकारले त चुनाव हुन्छ भनेर पत्याउनै छोडिसके, बाहिर बाट महासंघलाई नजिकबाट हेर्ने धेरैलाई लाग्न थालेको छ– पत्रकारको चुनाव पनि हुन्छ र ?

यसो भनिरहँदा पनि नेतृत्वमा बसेका कसैलाई लाज नलाग्न सक्छ तर समग्र महासंघको इतिहासका लागि र अबको निर्वाचनबाट नेतृत्व लिन्छु र पत्रकारको पक्षमा केही गर्छु भन्ने सोच भएकाका लागि भने यो विडम्बनाको विषय हो ।

निर्वाचन गराउनुपर्ने समयभन्दा पनि पछि महाधिवेशन गरेको महासंघले दुईपटक त निर्वाचनको मिति नै तोकिसकेको थियो । निर्धारित मितिमा चुनाव नभएपछि एकातिर चुनावमा जान्छौं भन्ने पत्रकार पनि निराश भएका छन् भने अर्कातिर महासंघको गरिमा र अस्तित्वमाथि नै प्रश्नचिह्न खडा भएको छ । गत वैशाख २१ गते भएको महासंघको महाधिवेशनले जेठ २६ गते निर्वाचनको मिति तोकेपछि उत्साहित भएका पत्रकार त्यो समयमा चुनाव नहुँदा थोरै सेलाएका थिए । त्यसपछि घोषणा गरिएको असार २२ गतको अर्को मितिमा पनि त्यस्तै भएपछि एकपछि अर्को प्रश्न उठ्न थालेको छ । निर्वाचन तालिका सार्वजनिक गर्ने दायित्व नेपाल पत्रकार महासंघको हो । उसले बनाएको तालिकाका आधारमा निर्वाचन हुने हो । निर्वाचनका लागि पहिलोपटक मिति घोषणा हुँदाचाहिँ चुनाव हुन्छ भन्ने धेरैलाई अनुमान थियो, त्यतिबेला किन र के कारणले भएन कसैले जवाफ दिन सकेनन् । त्यसपछि फेरि असार २२ गतेचाहिँ पक्का निर्वाचन हुन्छ भनियो । केन्द्रको उम्मेदवार दर्ता गर्ने अघिल्लो दिन राति नेपाली कांग्रेसनिकट पत्रकारको संगठन नेपाल प्रेस युनियनले केन्द्रीय कार्यालयमा ताला लगाइदिएपछि निर्वाचन प्रभावित भयो । युनियनले केन्द्रसँगै प्रदेश र जिल्लामा पनि ताला लगाउन आफ्नालाई आदेश दिएको थियो । जसरी भए पनि निर्वाचन गर्ने र युनियनले लगाएको तालाबन्दीलाई बेवास्ता गरेर पेलेरै जाने पनि नभनिएको होइन, तर महासंघ र राजनीतिसँगै जोडिएकाले त्यो सम्भव थिएन र भएन पनि । निर्वाचन समितिका केही व्यक्तिमाथि केन्द्रीय कार्यालयमा केहीले हातपात पनि गरेका थिए असार १५ गते । निर्वाचन गराउने जिम्मेवारी निर्वाचन समितिको हो, उसले आफ्नो खुसीले केही निर्णय पनि गर्न नसक्ने भएकाले समितिमाथि आइलाग्नु, झम्टिनु वा दबाब दिनु राम्रो पाटो होइन । युनियनले पनि के कारणले निर्वाचन हुन नसक्ने प्रस्ट रूपमा भन्न सकेन । भित्री कुरा जे भए पनि उसले आफूनिकट धेरै पत्रकारको नाम सदस्यबाट हटाइएकाले निर्वाचनमा भाग लिन नसक्ने स्पष्टीकरण दियो । आफ्ना क-कसको नाम काटिएको हो र उनीहरू साँच्चै पत्रकार हुन् कि होइनन् भनेर उसले पनि भन्न सकेन । त्यतिबेला राजनीतिक समीकरण अर्कै थियो ।

पत्रकारको निर्वाचन र राजनीतिलाई सँगै लिएर हेर्दा युनियन त्यतिबेला एक्लै थियो, उता दुईवटा शक्तिशाली पार्टी नेकपा एमाले र नेकपा (माओवादी केन्द्र) का पत्रकारहरू सँगै थिए । उनीहरू गठबन्धनमा भएकाले आफूहरूले सजिलै जित्ने दाबी गरेका थिए । हारिन्छ भन्ने डरले नै युनियनले निर्वाचन भाँडेको दाबी गर्नेको संख्या पनि कम थिएन । महासंघका अध्यक्ष विपुल पोखरेल युनियनका तर्फबाट निर्वाचित अध्यक्ष, धेरै जिल्लामा र प्रदेशमा युनियनकै नेतृत्व हुँदाहुँदै पनि कसरी युनियनका मानिसको नाम काटियो भन्ने प्रश्न गम्भीर बनेको छ । त्यतिबेला एमालेनिकट प्रेस चौतारी र नेकपा (माओवादी केन्द्र) निकट प्रेस सेन्टर मिलेकाले आफूहरूका पत्रकारको नाम काटिएको युनियन पक्षको दाबी छ । आफूअनुकूलको राजनीति हुँदा निर्वाचन गर्न सबैले हतार गर्ने र हारिन्छ भन्ने निश्चितजस्तो भएपछि जसरी भए पनि निर्वाचन भाँड्नुपर्छ भन्ने गलत मानसिकताले महासंघको निर्वाचन प्रभावित भएको छ । निर्वाचनको मुखमा सदस्यता शुद्धीकरण अभियान चलाइनु निर्वाचन नहुने अर्को प्रमुख कारण हो भन्दा फरक पर्दैन । सदस्यता शुद्धीकरण समितिले पाएको जिम्मेवारी सजिलै ढंगले वहन गऱ्यो भन्ने आधार पनि छैन । आफ्ना मान्छेलाई जस्तो अवस्थामा भए पनि राख्ने र फरक विचार तथा आस्था भएका पत्रकारको नाम छानीछानी काट्ने जिम्मेवारी शुद्धीकरण समितिको भएजस्तो देखियो । सदस्यता पाउनुपर्ने योग्यता पुगेकाले सदस्यता पाउनुपर्ने र नवीकरण गर्न पाउनुपर्ने उसको अधिकार हो तर राजनीतिक रूपले हेरिँदा विषय झन्झटिलो र पेचिलो बन्दै गएको छ ।

निर्वाचन किन हुन सकेन, अहिलेसम्म महासंघले जवाफ दिन सकेको छैन । एकले अर्कालाई दोष लगाएर महासंघको नेतृत्व उम्कन खोजिरहेको छ । अहिले निर्वाचन गर्न ढिलो भइसकेको छ । अब अझै केही महिनापछि सार्दा पनि निर्वाचन भइहाल्छ भन्ने बलियो आधार छैन । निर्वाचन समितिले सदस्यताको टुंगो लागेपछि निर्वाचन कार्यतालिका छोट्याएर भए पनि निर्वाचन गराउने भनेको छ । महासंघले भने कार्यतालिका घोषणा गर्दै जाने र नमिलेका कुरालाई पछि मिलाउँदै जाने भनेर समितिलाई हल्का जवाफ दिँदै आएको छ ।

निर्वाचन समितिले महासंघ र पार्टीनिकट पत्रकार संघ-संगठनले मतदाता नामावलीमा सही गरेर 'अन्तिम नामावली यही हो' भनेर प्रमाणित नगरुन्जेलसम्म निर्वाचनको प्रक्रिया अगाडि नबढाउने अडान लिएको छ । निर्वाचन के कारणले हुन सकेन भनेर न त महासंघले न त कुनै पनि पार्टीनिकट पत्रकारका संघ संगठनले भन्न सकेका छन् । हुन त महासंघ र पत्रकार संगठनको बैठक नियमितजसो बसिरहेको छ, उनीहरूको बैठकले पनि निष्कर्ष निकाल्ने छाँटकाट ल्याएको छैन, त्यसैले पनि आज पनि बैठक बसे अरे भन्दा पनि किन बसेका रहेछन् ? निर्वाचन नगर्नेले बैठक बसिरहनुको अर्थ के छ र ? भन्ने प्रश्न उठ्नु स्वाभाविक बन्दै गएको छ ।

तीनवर्षे कार्यकाल रहेको महासंघको यो नेतृत्तले २०७८ सालको वैशाखको पहिलो सातादेखि कार्यभार सम्हालेको थियो । उनीहरूले तीन वर्ष कटाएर पनि चार महिना बिताइसकेका छन् । यही अवस्थालाई हेर्दा यो नेतृत्वको कार्यकाल कहिलेसम्म लम्बिने हो र उनीहरूलाई आफूलाई मात्र पदमा टिकाइरहने हुन् भन्ने आशंका सुरु भएको छ । महासंघले सक्रियता देखाएर सबै पत्रकार संगठनलाई विश्वासमा नलिँदासम्म निर्वाचनको वातावरण बन्ने सम्भावना छैन । कुनै पनि पत्रकार संगठनले असहमति जनाएको खण्डमा पनि निर्वाचन हुने वातावरण बन्दैन । पार्टीनिकट पत्रकार संगठनभित्र देखिएको गुटको राजनीतिले पनि निर्वाचनलाई नराम्ररी प्रभावित पारेको छ । एक पक्षले टिकट पाउँदा अर्को पक्षले असहयोग गर्छु भनेर धम्क्याउने चलन नयाँ होइन । जित्न सहज भएका बेला उम्मेदवार हुन पाए हुन्थ्यो भन्ने र हारिन्छ जस्तो लाग्न थालेपछि 'यसपटक अरुलाई पनि मौका दिनुपर्छ, मलाई पटकपटक धेरै पद भयो' भनेर हारबाट भाग्नेहरूको संख्या पनि यहाँ कमी छैन ।

पत्रकारको उम्मेदवार छान्ने जिम्मा पत्रकारको हो । कुनै पनि संघ-संगठनले सतहसम्म पुगेर को उम्मेदवार बनाउँदा राम्रो होला, कसले जित्ने सम्भावना बढी होला भनेर कसैसँग अन्तर्क्रिया गरेका छैनन् । संगठनको नेताको चाकरी गर्ने, त्यहाँबाट टिकट पाउने सम्भावना नहुँदा पार्टीका नेतासँग हारगुहार गर्दै टिकट लिने प्रयास गर्नु राजनीतिक संस्कार नै बनिसकेको छ । पार्टीका नेताले टिकट दिँदा 'ग्राउन्ड'मा को बलियो छ र कसले अरुका पनि मत प्रभावित पार्न सक्छ भन्ने कहिले पनि कसैले लेखाजोखा गर्ने गरेको छैन । पहिले पराजितले यसपटक जसरी पनि जित्छु भन्ने र अहिले पदमा भइरहेकाले पहिले पनि जितें, त्यसैले यसपटक पनि जित्ने भएकाले टिकट पाउनुपर्छ भन्ने दाबी गर्ने गर्छन् । पद थोरै हुँदा कसलाई टिकट दिने भन्ने विषय अन्योलमा परेको छ । पार्टी मात्र होइन त्यसभित्र मौलाएको फरक फरक गुटको व्यवस्थापन गर्न पत्रकार संगठनलाई अर्को चुनौती बनेको छ ।

अबको निर्वाचनमा उम्मेदवार बन्छु र जित्छु भन्नेका लागि निर्वाचन छिटो भइदिए हुन्थ्यो भन्ने लागेको छ । अर्कोतिर अवस्था कमजोर भएकाहरू निर्वाचन बिथोल्न जस्तोसुकै प्रयास गर्दै आएका छन् । अहिलेको अवस्थामा सदस्यता विवाद देखाउँदा सबैलाई निर्वाचन बिथोल्न सजिलो भएको छ । पत्रकार संघ-संगठनले आफूले जसरी पनि जित्नुपर्ने भएकाले केहीलाई पत्रकार बनाएर नाम समावेश गरेको कुरा कसैले लुकाएर लुक्दैन । उनीहरू पत्रकार हुन् कि होइनन्, पत्रकारिताका कुनै कर्म गर्छन् कि गर्दैनन् भन्ने छानबिन गर्ने कुनै निकाय नै छैन । अहिले त आफूलाई मतदान गर्ने जस्तो लाग्यो भने उही वास्तविक पत्रकार हुने गरेको छ । आफू वा आफ्नो पक्षलाई मतदान गर्दैन भन्ने लाग्यो भने खेदीखेदी नाम काटिएका उदाहरण प्रशस्तै छन् ।

पत्रकार महासंघ पत्रकारको संस्था कि अरु कसैको राजनीतिक स्वार्थ पूरा गर्ने थलो हो भन्ने प्रश्न उब्जिनु स्वाभाविक भएको छ । पत्रकारले पत्रकारिता गर्ने हो, पत्रकार स्वतन्त्र र निष्पक्ष हुनुपर्नेमा शंका छैन तर कुनै न कुनै राजनीतिक पार्टीको पछि लागेर पत्रकारहरू पनि पार्टीकै कार्यकर्ताजस्ता हुनु दु:खद विषय हो । पार्टीनिकट हुनु उनीहरूको बाध्यता पनि हुन सक्छ, उनीहरूले भोलि अवसर लिनका लागि 'च्याँखे' थापेको हुन सक्छ तर पत्रकारिताको मूल मर्म र सिद्धान्तलाई बिर्सेर पार्टीकारिता गर्नु दुर्भाग्य बनेको छ ।

अबको विकल्प के हुन सक्छ र निर्वाचन कहिले होला भन्ने टुंगो छैन । दुईवटा प्रमुख पार्टी मिलेर सरकार चलाएकाले प्रतिनिधिसभाको तेस्रो ठुलो पार्टी सरकारबाट बाहिर छ । उसको पत्रकार संगठन पनि एक्लै निर्वाचन लड्छु भन्दै आएको छ । दुईवटा पत्रकार संगठन मिलेर जाँदा उनीहरूले जित्ने सम्भावना बढी हुन्छ भनेर अनुमान गरिनु अचम्मको विषय होइन । गठबन्धन हुँदैमा पार्टी लाइनका सबै मत आउँछन् कि आउँदैनन्, योग्य उम्मेदवार कोही अरु उठ्यो भने उसले मत पाउँछ कि पाउँदैन ? यहाँ एकपछि अर्को शंका सुरु भएको छ । पत्रकारहरू सिधै राजनीतिमा जोडिँदा व्यावसायिक पत्रकारलाई निर्वाचन जित्न गाह्रो छ, तर यसो भन्दैमा यसअघि स्वतन्त्र उम्मेदवार भएका कसैले पनि निर्वाचन नजितेको भने होइन । पार्टीगत आधार त एकातिर छँदै छ त्योसँगै व्यक्तिगत सम्बन्ध, उम्मेदवारको लोकप्रियता र उसले मतदाता तथा पत्रकारलाई गर्ने व्यवहार पनि निर्णायक हुन्छ । हार्ने सम्भावना हुँदाहुँदै पनि निर्वाचनमा जान्छु भन्ने जसको पनि आँटलाई मान्नैपर्छ । निर्वाचन हुने निश्चित भएको खण्डमा कुनैले पनि बहानाबाजी नगर्लान् र जस्तो अवस्थामा पनि निर्वाचनमा भाग लिएलान् भन्ने लाग्न छाडिसकेको छ ।

अहिले नेपाल प्रेस युनियन र प्रेस चौतारीको गठबन्धन छ । चौथो अवस्थामा रहेको नेकपा (एकीकृत समाजवादी) पार्टीको पत्रकार संगठन समाजवादी प्रेस संगठन अहिलेको अवस्थामा प्रेस सेन्टरसँग निकट छ, किनभने सेन्टरको 'माउ पार्टी' नेकपा (माओवादी केन्द्र) र समाजवादी प्रेस संगठनको 'माउ पार्टी' पनि सरकारबाहिर छन् । कसको नीति, सिद्धान्त र विचार के भन्दा पनि गठबन्धन कसको हो र मतदान कसलाई गर्नेभन्दा बाहेक पत्रकारवृत्तमा अरु छलफल पनि हुने गरेको छैन । उम्मेदवार बन्छु भन्नेले पनि किन उम्मेदवार बन्ने र जितेपछि के गर्छु भनेका छैनन् । किनभने उनीहरूलाई मतदातासँग जाने र संवाद गर्ने फुर्सद नै छैन, उनीहरूको मुख्य दाउ कसरी कसलाई फकाएर टिकट लिने भन्ने मात्रै छ, त्योभन्दा पर सोचन उनीहरूलाई फुर्सद छैन ।

महासंघलाई सबैको प्रतिनिधित्व हुने गरी साझा बनाउने हल्ला पनि बाहिर आएको छ । पाउनेले सहमतिमा ठुलै पद लिन पाए हुन्थ्यो भन्छ, दिनेले सबैभन्दा सानो पद दिएर फकाउन पाए हुन्थ्यो भन्छ, त्यसैले यो प्रक्रिया पनि व्यावहारिक बन्ने देखिँदैन । सरकार जसको भए पनि महासंघमा एक्लाएक्लै प्रतिस्पर्धा गरौं, जसले जिते पनि हारे पनि पत्रकारले जित्ने हो भन्नेमा कोही सकारात्मक छैनन् । एउटा संगठनले अर्को संगठनको अस्तित्व नस्विकार्ने र उसलाई कुनै पनि हालतमा भागबन्डामा आफूसँग ल्याउन नहुने अडान पनि निर्वाचनका लागि बाधक बनेको छ ।

गठबन्धन गर्दा कसले ठुलो भाग पाउने भन्ने लडाइँ भइरहँदा एक्लाएक्लै प्रतिस्पर्धा गर्नु उपयुक्त विकल्प बनेको छ । एक्लै प्रतिस्पर्धा गर्दा अर्को संगठनले मतदान नगर्ला कि भन्ने शंकाको भारी बोक्नुपरेन । कसैलाई लाग्न सक्छ, यो सरकार धेरै टिक्दैन र पछि अर्को समीकरण हुन्छ, अनि मात्रै चुनाव गरौं, तर त्यतिबेला एक्लो भएकाले निर्वाचन भाँड्ने जुनसुकै जुक्ति अपनाउने पक्कापक्की छ । गठबन्धन गर्दा पनि अर्को संगठनले मतदान गर्छ भन्ने बलियो आधार फेला नपर्नुले पनि निर्वाचन बिथोलिँदै आएको छ ।

सधैं अस्तव्यस्त भएको भनेर पत्रकारले समाचार लेखिरहने संघीय संसद् त पहिले नै तालिका बनाएर त्यस अनुसार सञ्चालन हुन थालिसकेको छ । सांसदले कुन दिन बैठक छ कि छैन भन्ने पहिले नै प्राप्त तालिकाबाट थाहा पाउँछन् भने पत्रकारले आफ्नो चुनाव कहिले हुन्छ भनेर थाहा पाउन सकेका छैनन् । सरकार जसको होस् वा गठबन्धन जोसुकैबिच होस्, त्यतातिर मतलब नगरी हरेक तीन वर्षको यो मितिमा निर्वाचन हुन्छ भनेर त्यसअघिका सम्पूर्ण प्रक्रिया सक्ने हो भने पत्रकार महासंघको इज्जत पनि बच्थ्यो । पत्रकारले पनि पूर्वनिर्धारित तालिका अनुसार आफूलाई तयारी गर्ने अवसर पनि पाउँथे ।

निर्वाचनको अन्योलता बढ्दै जानुमा महासंघको नेतृत्व तथा पदाधिकारी प्रमुख दोषी छन् । उनीहरू आफूलाई अनुकूल नभएसम्म निर्वाचन गर्नै चाहँदैनन् । यति मात्र होइन, पत्रकारको पक्षमा लाग्छौं र गर्छौं भन्ने पार्टीका पत्रकार संगठन पनि योबेला कमजोर र लज्जित भइसकेका छन् । बाहिर बाहिर चुनाव गर्नुपर्छ भनिएको छ तर यो मितिसम्म निर्वाचन भएन भने थप दबाबका कार्यक्रम यी हुन्छन् र जसरी पनि निर्वाचन गराएर छाड्छौं भन्न कसैले सकेका छैनन् । पत्रकारले अरुको खबरदारी गर्नुपर्ने हो, कसैले गलत काम गरे त्यस्तालाई सचेत गराएर सही बाटोमा हिँड्नका लागि बाध्य बनाउने हो, तर त्यस्तो मुख्य भूमिकामा रहेको पत्रकार महासंघको निर्वाचन नै अन्योलमा पर्नु भनेको समग्र पत्रकार र पत्रकारिताका लागि लज्जाको विषय हो । अरुको निर्वाचन समयमा नहुँदा अनेक आरोप लगाएर यस्तो र त्यस्तो भयो भन्ने पत्रकार आफ्नो निर्वाचन समयमा नहुँदा अन्योलमा परेका छन्, 'निर्वाचन गराइदेऊ न' भन्दै महासंघ र पार्टी पत्रकारलाई बिन्ती गर्नुपर्ने अवस्थामा पुग्नु दुर्भाग्य बनेको छ ।

*(साभार: रातोपाटी)*

# गलत गरेर किन सन्तानलाई पाप बोकाउने ?

✍ रमेशकेशरी वैद्य

संसारमा भगवान्प्रति आस्था राख्ने आस्तिकहरु धेरै हुन्छन् भने नास्तिकहरु पनि उत्तिकै हुन्छन् । फरक यत्ति मात्र हो कि मानिसको उमेर ढल्दै गएपछि उसले भगवान्प्रति विश्वास गर्दै जाने हो । त्यति बेला उसले सोच्ने गर्दछ- मानिसको इच्छाअनुसार केही नहुने रहेछ । जीवन एकनाटक मात्र हो र यसलाई चलाउने माथिको मात्र हो । त्यसकारण सधैं अरुलाई दोष मात्र पनि नदिऊँ, बरु आफूमा खोट, कमजोरी, गल्ती छ भने बदल्ने हो । सकिन्छ भने केही राम्रो कर्म गर्ने हो । यसले नै व्यक्ति, समाज, देशको भलो हुनेछ ।

अहिले देशमा लोकतन्त्र आएको पनि चार दशक भइसक्यो तर जनता प्राय: खुशी छैनन् । कारण सुस्त विकास अनि मुलुकमा शान्ति हुन सकेको छैन । तैपनि मुलुकमा किन हो संघीयता प्रणाली ल्याएको छ । यसबाहेक धेरै मन्त्री, सांसद, सरकारी कर्मचारीहरु मुलुकको लागि भार भएका छन् । हाम्रो जस्तो सानो मुलुकको लागि यत्रो संख्या खासै जरुरी होइन । एकतर्फबाट हेर्ने हो भने यो पनि देशमा सोझाहरुलाई सही ट्र्याकमा ल्याउन ईश्वरले बनाएको एउटा अस्थायी नाटकजस्तो पनि लाग्छ । त्यसकारण भविष्यमा यसको आयु कति हो ? कसैलाई थाहा छैन ।

अहिले सुस्त अर्थतन्त्रले गर्दा सबैलाई टेन्सनको विषय बनेको छ । यहाँ भ्रष्टाचार, पैसाको लागि गलत कामहरु रोकिएको छैन । अकुत पैसा कमाउने अझै फेसनसरह भइराखेको छ, जुन मानिसले निर्धक्क साथ गरिराखेका छन् । यसका लागि मानिसहरु मर्ने, मार्ने, झुटो बोल्ने, चाकडी गर्नेजस्ता कुराहरु साधारण भएका छन् ।

ताज्जुबको कुरा यो छ कि जतिसुकै गलत कार्य मुलुकमा घटिराखे पनि देश चलाउनेहरु लाटोले केरा हेरेसरह बसिराखेका हुन्छन् । यसको मुख्य कारण जाँगर नहुनु, इच्छाशक्ति नहुनु, केही आर्थिक लोभ र स्वार्थ नै हुनुपर्छ । साथै ज्ञानको कमी पनि हो । त्यसमाथि मानिसहरु यो किन सोच्दैनन् कि यस्ता गलत कर्मको संस्कार अपनाउनाले व्यक्ति, समाज, देश तथा आफ्ना पुस्तालाई नोक्सान नै गर्ने गरिराखेको हुन्छ । यस्तो अवस्थामा सरकार तथा प्रत्येक नागरिक बदलिनु जरुरी छ । अनि मात्र मुलुकको भविष्य राम्रो भएर देश अघि बढ्ने हो ।

कति नेता र देश चलाउनेहरुलाई मात्र गाली गर्ने, अपशब्द बोल्ने र छाडा बोल्ने हो ? व्यापारी, कर्मचारी, बिचौलिया, कालो बजारीहरुलाई नै हेरौं न, यिनीहरु नसुनाले पनि देशको हालत खराब भइसकेको मान्न सकिन्छ । यस्ता प्राणीहरु सुने हो भने हाम्रो आउने पुस्ताको भविष्य पनि राम्रो हुनेछ । यी कुराका लागि पनि हरेक मानिस बदलिनु आजको आवश्यकता हो । अहिलेको परिप्रेक्ष्यमा देश चलाउनेहरुलाई यो भ्रम भइराखेको छ कि मुलुकले विकासको धेरै फड्को मारेको छ । यो कुरा केही सही पनि होला । देशको परिस्थितिलाई हेर्दा देशको अर्थतन्त्र सुधार्नु, आयस्रोत बढाउनु, महँगी तथा मानिसको कष्टकर जीवनलाई नियाल्नु देश चलाउनेहरुको प्रथम कर्तव्य हो ।

यस्तो बेला नेपालमा धेरै विकास भइसकेको छ भन्न मिल्दैन । अर्को कुरा, पेट भोको तर सुट लगाउने चाहना अहिले देशको फेसन भइराखेको छ । अहिलेको घडीमा देश विकासको धेरै नखरा गरेर अनावश्यक राष्ट्रधनको चुहावट गर्नुभन्दा पहिला जनतालाई सस्तो र सुलभ आवश्यक सामग्रीसहित सेवा दिएर देशलाई नै रमाइलो बनाउने हो ।

बाँकी विकास कार्यहरु बिस्तारै हुँदै गर्दछ । त्यस्तै विदेशी ऋण मात्र थोपरेर किन अहिले नै यो देशमा द्रुत विकास गर्नुपरेको छ ? देश चलाउनेहरु यसप्रति गम्भीर हुनु जरुरी छ । बिस्तारै विदेशी ऋण तिर्दै जाने हो, जसले देश र जनतालाई स्वाभिमानी बनाउनेछ ।

अहिले देशको आर्थिक अवस्था नाजुक छ । देश चलाउनेहरुलाई चिन्ता नभए पनि सर्वसाधारणलाई यसको चिन्ता छ । वास्तवमा भन्ने हो भने, महँगी नियन्त्रण गर्न नसक्नु, रोजगार सृजनालाई वृद्धि गर्न नसक्नु, वैदेशिक रोजगारलाई नियन्त्रण गर्न नसक्नु तथा चाकडी प्रथालाई रोकेर राजनीतिक क्षेत्रलाई चुस्त बनाउन नसक्नु नै देशको दु:खदायी कहानी हो । यी सब कारणले सोझा नेपालीले समेत अपराध, असभ्य र छाडा संस्कारलाई अँगाल्दै हिँडेका छन् ।

खराब, एकोहोरा, घमण्डी नेताहरुलाई मतलब छैन । न त आफू बदलिन कोशिश नै गर्छन् । अब यसो हुनु भएन कि यिनीहरु सुनुपऱ्यो वा यिनीहरुलाई कडा सबक दिनुपऱ्यो । यदि यसबाट पनि भएन भने विदेशको फर्मुला अपनाउने हो अनि मात्र मुलुक सही ट्र्याकमा आउनेछ । अन्त्यमा प्रभुसँग एउटा नै बिन्ती छ- यहाँ मानिसलाई यति काम नलाग्ने नबनाउनुस् कि देश चलाउनेहरुले जे गरे पनि सहेर बस्ने । अर्को कुरा देश चलाउनेहरुलाई यति निकम्मा पनि नबनाउनुस्, जसले गर्दा भोलि विदेशी नेताको जस्तो हालत नहोस् ।

*(साभार: न्यूज अफ नेपाल)*

### मरिचमानसँग रुदाने:

# ‘देखिहालिस् मकवानपुरमा जनमुखीको तागत, भूमिगतबाटै विजयी भएँ’

हेटौंडा, २ भदौ/शरीरले केही कुराको जनाउ दिन खोज्दै थियो । पछाडिबाट केही कुराले थिचे जस्तो भारी भयो । त्यही दिन सुन्धारामा एउटा सरकारी मोटरसाइकल आएर मेरो अगाडि रोकियो । असई रहेछ । ‘डीएसपी साहेबले कुराकानी गर्न बोलाउनुभएको छ, जाऔं । मोटर साइकल रोकेर मेरो अगाडि उभिएको असईले भन्यो । ‘डीएसपीले बोलाएको भए जान्नँ, राज्यले बोलाएको भए पक्राउ पुर्जी देखा’, सहजसँग प्रस्तुत भएँ । असईले पक्राउ पुर्जी देखाउन सकेन । छाप्रोतिर गएँ । पुरनमानले मेरै छाप्रो अगाडि आएर गाडी रोक्यो । ऊ राजाको जस्तै गाडी चढ्थ्यो । निकै बेर डेग चलेन । ऊ भएतिर गएँ । उसको गाडी गुड्यो ।

दिउँसो टंकेश्वरमा रामबाबु केसीको घर, रामनारायणको डेरामा पुगें । रामनारायणसँग सर सल्लाह थियो । हाम्रो कुराकानी चल्दै गर्दा प्रहरी नायवउपरीक्षक नारायणचन्द्र ठाकुरको हस्ताक्षर भएको पत्र लिएर पुलिस आयो । जिल्ला प्रहरी कार्यालय मुद्दा शाखाले काटेको पत्र थियो । पत्रको व्यहोरामा भनिएको थियो, ‘तपाईंसँग केही कुरा बुझ्नुपर्ने भएकोले प्रहरीसाथ लागी यस कार्यालयमा उपस्थित हुन आउनुहोला । अन्यथा प्रहरीले नछाडि ल्याउने व्यहोरा सूचित गरिन्छ ।,’ ‘हामी पक्राउ पुर्जी लिएर आएका छौं, हिंड्नुस्’ उनीहरुले प्रहरी नायवउपरीक्षकले पठाएको पक्राउ पुर्जी देखाए । ‘माननीयज्यू किन हाँस्नुभयो ?’ पक्राउ गर्न आएकामध्ये एकजना प्रहरीले सोध्यो । ‘सोधपुछको कारण त खुलाउनुपर्थ्यो । उनीहरुलाई जवाफ दिएँ । रामनारायण डरायो । जिल्ला प्रहरी कार्यालय पुऱ्याए । मेरो अगाडि प्रहरी नायवउपरीक्षक थियो । त्यहाँबाट अञ्चलाधीशकहाँ पुऱ्याउने सल्लाह गरे ।

अञ्चलाधीशको समय नमिलेर डीएसपीको कार्यालयमै राखे । भोलिपल्ट वागमती अञ्चलका अञ्चलाधीशले मेरो बयान लिए । ‘तँ भातेले मेरो कवितामा त्यस्तो के देखिस् र पक्रन खोजिस् ? ६ महिनाअघि लेखेर छापिएको कविताका कारण जनप्रतिनिधिलाई पक्रिनु सही भएन’, बयानअघि कुराकानीका क्रममा कुरा राखें । मलाई लिएर आउने प्रहरीहरु बाहिर उभिएका थिए ।

‘तपाईंको ‘होसियार’ कविताले शासन व्यवस्थालाई चितुवाको संकेत दिएको भनेर मुद्दा परेको छ । तपाईं र तपाईंको कविता छाप्ने पत्रिकाको सम्पादकलाई कार बाही गर्नू भन्ने माथिको आदेश छ’, जवाफ दिंदा अञ्चलाधीशले आत्मविश्वास पूरै गुमाइसकेको थियो । ‘मैले लेखेको कविता हो छाप्नेको के दोष ? भाते, यही हो तेरो जनतामाथि शासन गर्ने तरिका ?’ आक्रोश बोलिरहें ।

केही समय आफ्ना कुरा राख्नुको केही अर्थ भएन । अञ्चलाधीशको कार्यालयमा लठैतहरुसँग पुरनमान उभिएको थियो । ‘उहिलेदेखि नै हो तँलाई ठिंगुराउने बलियो कारण खोजिरहेको । उसको हातमा ‘होसियार’ कविता छापिएको पत्रिका थियो । मैले केही भन्नु उचित ठानिनँ ।

**भद्रगोल जेल देश जस्तै लाग्यो**

रामनारायण र विश्वकान्ति कलावती भेट्न आएका थिए जेलमै । रामनारायणलाई स्थानीय चुनावको सबै जिम्मा दिएर पठाएँ । केपी ओली भएकै ठाउँमा पारे । केपी अगाडिदेखि नै जेल परेको थियो । ‘माननीयज्यू, छट्पटिएर केही हुँदैन । यिनीहरुले तपाईंको माग पूरा गर्छन् जस्तो लाग्दैन’ मेरो औडाहा सहन नसकेर एकदिन केपी ओलीले भन्यो ।

‘जनताभन्दा जनप्रतिनिधि ठूला, जनप्रतिनिधिभन्दा मन्त्री ठूला, मन्त्रीभन्दा पुलिस ठूला, पुलिसभन्दा यहाँका नाइके ठूला, सबैभन्दा ठूला त यहाँका अपराधी रहेछन् । सबै ठूलैठूला भएको देशमा जन्मिएपछि यस्तै हो । कम्तिमा खबर सुन्न पाऊँ भन्दा पनि सुन्दैनन् । जनप्रतिनिधिको अवस्था यस्तो छ भने अरुको के होला ?’ म जीवनमै





पहिलोपटक अधीर भएँ । किनभने शरीरले अप्ठ्यारो जनाउ दिन छोडेन ।

जेलको समाज देशभन्दा भद्रगोल लाग्यो । कहिले लेखें कविता र सुनाएँ सबैलाई । केही कैदीलाई ‘थाहा’ लेखिदिएँ । थाहा, जनमुखी राजनीतिबारे बुझाएँ । कोही बुझ्न खोज्थे । कसैलाई वास्ता भए पो । एकदिन मरिचमानले एउटा प्रस्तावपत्र पठायो जेलमै । फिसिक्क हाँसेर मैले त्यही पत्रको पछाडि जवाफ लेखेर पठाएँ ।

तिम्रो मन्त्री नबनेको हुनाले बन्दी बनाइएको कुरा थाहा छैन भन्न मिल्दैन होला । गोप्य हत्या गर्नेहरुका व्यापक संस्था हुने, इमानदार कार्यकर्ता र जनसाधारणको संस्था नहुने, यस्तो अवस्थामा मलाई उपयुक्त ठाउँ यतिखेर जेल नै भएको छ । यहाँ कुनै अपराध भयो भने अपराधी भेटिएन वा चिनिएन भन्न मिल्दैन होला । पद र पैसाले किन्न नसकिने राजनीतिक मान्छेलाई सिकार खेल्ने तन्त्र मरिचमानकालमा ह्वात्तै बढेको देखिन्छ, यस्तोमा के गर्ने थाहा चाहियो ।

जनप्रतिनिधि रुपचन्द्र बिष्टलाई गरिबमारा, मुलुकमारा र बजेटमारा मन्त्रीको हुलमा सामेल हुने जनादेश छैन । श्रम गर्ने किसान, मजदुर र नारीको कमाइ खाने शोषक, सामन्त र पूँजीपतिको यस्तो अपराधी व्यवस्था बदल्ने अनि मात्र मन्त्री हुने । राजाको प्रस्तावबारे केपी ओलीले पनि थाहा पायो । आफूले प्रधानमन्त्रीलाई पठाउन लागेको पत्रको व्यहोरा पढेर सुनाएँ ।

देशमा चाडबाडको माहोल सुरु भयो । जेलका कैदीलाई के चाडबाड दशैं सकिएर तिहार आउन समय लागेन । जेलमै थिएँ । टीका लगाउन अखिल नेपाल महिला संघका प्रतिनिधिहरु आए । रामनारायणले पठाएको रहेछ । यिनीहरुले टीका लगाउन गरेको अनुरोधलाई नकार्न सकिनँ, ‘मैले यसरी निधारमा टीका लगाएको पहिलो पटक हो । तिमीहरुको अनुरोधलाई नकार्न सकिनँ । किनभने अहिले म जेलमा छु । जे ल्याइदिन्छन् त्यो खाइदिन्छु । केही कुरा मेरो वशमा छैन । जेलभित्र मानिसको वश चल्दैन । अरु कसैको वश चल्छ । जेलभित्रको यो जीवन भोगाइले मलाई नयाँ पाठ सिकाएको छ’ भावुक भएँ ।

जीवनमै पहिलोपटक आफ्नो हातबाट टीका लगाएकोमा महिलाहरु खुसी भए । ६ महिना बितेपछि जेलबाट छुटें । मरिचमानलाई भेट्न पुगें । उसैले बोलाएको हो । मरिचमान खुशी थिएन तर, म बेखुसी देखिइनँ । ‘माननीयज्यू, मैले सक्ने जति गरें । सबै कुरा मेरो वशमा छैन’ मरिचमान बसेको ठाउँबाट मलाई स्वागत गर्न उठ्यो । मुस्कुराएँ मात्रै केही समय नबोलेर ।

मरिचमान बसेको कोठाका भित्तातिर हेरें जहाँ धेरै तस्बिर झुन्ड्याएका थिए । खुल्ला झ्यालबाट हावाभित्र पस्यो । बगैचामा केही चरा कराएको सुनें । केहीक्षण प्रकृतिको आनन्द लिएँ । केही समयपछि गाली गर्न थालें, ‘देखिहालिस् मकवानपुरमा जनमुखीको तागत । भूमिगत भएर पनि विजयी भएँ । तँ मेरो ६ महिना कसरी फिर्ता दिन्छस् ? जनप्रतिनिधिलाई थुन्ने ? जनताको मतलाई जेलमा हाल्ने तँ त मन्डले रहेछस् । जेलमा त झन् महामन्डले बसेका रहेछन् । सब मुखमा बुजो लगाएर बसेका थिए । मलाई पनि बस् भन्थे’ मेरो आक्रोश बिस्तारै निस्कियो ।

‘माथिको आदेश हो । मेरो नियन्त्रणमा थिएन । राजा वीरेन्द्र आइबक्सियो । मन्त्रिमण्डलमा राखौं भनिबक्सेको छ’ मरिचमानले पुरानै ढिपी दोहोऱ्यायो । ‘बोल्न र लेख्न नपाउने योभन्दा निरकुंशता के भयो ? बल्ल आज आएर जिल्लामा जनमुखीहरु थुनिएका छन् भन्ने सुनें । यसको दोष केही दिनका लागि राजा बनेका ज्ञानेन्द्रलाई लगाएर पन्छिने हौला तिमीहरु, मेरो आक्रोश झन् बढ्यो ।’ ‘तपाईंको विचार बदलिएको सुन्न चाहन्छु । देशका लागि तपाईं चाहिन्छ । सँगै भएर गर्न सकिने धेरै काम छन्, मरिचमानले आग्रह गरिरह्यो ।’

‘जनप्रतिनिधिलाई पुलिसको एउटा सानो मान्छे आयो र समातेर लग्यो । एउटा थुनुवा पुर्जीमा सही गरायो । त्यसभन्दा अगाडि केही झ्यासम्यास आएर बढी नकराउनुस् हामी तपाईंलाई जुनसुकै कागजमा सही गराउन सक्छौं भने । मैले नम्र पारामा जवाफ दिएँ, ल्याप्चे गराउनसम्म त सकौला तर, हस्ताक्षर गराउन सक्दैनौ । मेरो कुरो सुनेर उनीहरु निलोकालो भए । ल, तपाईंलाई राजद्रोहको मुद्दामा हाल्यौं । अब पुर्पक्षका लागि जेल जानुस् भनेर पठाए । ६ महिना थुने ।

हिजो अञ्चलाधीश अफिस लगेर धेरै बेर कुराएर एउटा सुब्बाले छुट पुर्जीमा सही गरायो । अर्को असईले फेरि झ्यालखानामै लगेर हाल्यो । भोलिपल्ट जेलरले अर्को छुटुवा पुर्जीमा सही गराएर, ल अब जता जान्छौ जाऊ भनेर छाडिदियो । अघिल्लो दिन सही गराएपछि फेरि किन जेल हालियो र किन फेरि भोलिपल्टै छाडियो ? यो कुराको जवाफ छ तँसँग ? कोसँग छ जवाफ ? राष्ट्रिय पञ्चायत सदस्य भएको, जनमुखी सदस्य रुपचन्द्र अर्थात् जसरु, मलाई मत दिने जनताको घरदैलोमा पुग्नुपर्ने बेलामा थुनेर राखिस् । ती छाप्रेको समेत अपमान गरिस् । मेरो ६ महिनाको क्षतिपूर्ति दिने को हो ? यहाँ सबै ठूलैठूला ।

‘म तपाईंको कुरा बुझ्छु । तपाईंको विचारको सम्मान गर्छु । सम्मान मात्रै गरेको छैन, केही कुरा फलो गर्ने कोसिस पनि गरेको छु । म अहिले जुन पदमा छु, त्यो पदमा बसेर निर्दलीय र निष्पक्ष हुने कोसिस गरेको छु’, मरिचमान भावुक भयो । बस्न आग्रह गऱ्यो । खानेकुरा मगायो । त्यहीं रात बिताउन राजी भएँ । ‘मैले बुझेको छु केही कुरा । विना कारण थुनिनुपऱ्यो । यसरी यो मुलुकको हित हुन्छ ? देशको सर्वोच्च पदमा तँ छस् । तँसँग गुनासो नगरे कोसँग गरौं । पहिलोपटक यसरी भावुक भएँ । कठोर आवाज नरम भयो । एक किसिमको पराजय जस्तो ।

‘कति कठिन रहेछ यो कुर्सी । कति ठाउँबाट षड्यन्त्र हुँदोरहेछ । दबाब कति झेल्नुपर्ने रहेछ । हिजोआज आएर बल्ल बुझें । गल्ती भएको छ भनेर थाहा पाउँदापाउँदै पनि टुलुटुलु हेर्नु शिवाय उपाय लाग्दो रहेनछ । सुन्ने कोही छैनन्’, मरिचमानका आँखा भिजे । ‘त्यही भएर यो व्यवस्था उल्टाएपछि मात्रै म मन्त्री बन्छु । जनप्रतिनिधिले संविधान आफैंले बनाउने दिन आएपछि मात्रै म मन्त्री बन्छु । यो व्यवस्था टिकाउन मन्त्री बन्दिनँ । दुईजना बसेर बनाएको संविधान रुपचन्द्रले मान्दैन । जेलभित्रै सडाउँछन् जस्तो मानेको थिएँ । तेरो ठाउँमा कोही अर्को पन्चे हुन्थ्यो भने पचाउँथ्यो मलाई अनेक अनेक दोष थोपरेर । मरिचमानको बाध्यता उनको अनुहारमा प्रष्ट थियो । मैले उनको बाध्यता पढ्दै भनें ।

‘अहिलेको अवस्थामा सूर्यबहादुर थापा जस्तोले पनि रुपचन्द्रको पक्षमा बोल्यो । तपाईंले राजनीति बहुदलीय व्यवस्था निर्दलीयका पक्षमा बोल्नुभयो । सबैले चाहने मान्छे हो । त्यसकारण तपाईं यहाँ चाहिन्छ भनेर जोड दिएको हुँ’, बोल्दाबोल्दै मरिचमानले पानी पियो ।

‘खानेकुरा मगाइस् । तयार हुँदै होला । भोक लाग्यो, खान दे । उड्दाउड्दैको चराको पखेटा काटिदिए जस्तो भएँ’, कुराकानी खानेकुरातिर मोडें । ‘केही भएको छैन । तपाईं पहिलाको जस्तै स्वतन्त्र हुनुहुन्छ । झन् बलियो भएको मान्छु’, मरिचमानले जवाफ दियो । जवाफ दिनुअघि मेरो इच्छा पूरा गर्न कामदारमार्फत खानेकुरा मगायो । ‘यो शरीरको ढ्याकले बलियै देखिन्छु । अझै पनि कुस्ती प्रतियोगितामा भाग लिएर जित्न सक्छु । कुस्ती जितेर मुलुक मुस्कुराउने होइन रहेछ । मुलुकको हित हुने होइन रहेछ । जित्नुपर्ने हो, सामन्तीविरुद्धको लडाइँ ।’ बोल्दैबोल्दै ल्याएको खानेकुरा खान थालें । मरिचमानले पनि साथ दियो ।

‘राजा वीरेन्द्र ठिक छन् है, उनमा आफ्नोभन्दा बढी मुलुकको उन्नतिको चिन्ता छ । मेरो कुरा सुने भनेर पक्ष लिएको होइन’ वीरेन्द्रका बारेमा मात्रै कुरा निकालिनँ । धेरै व्यक्तिले प्रवेश पाए कुराकानीमा । ‘म तपाईंको बाटो पछ्याउने वाचा गर्छु, मरिचमानले छोटो वाक्य बोल्यो । ‘जेलमा राजैराजा बस्दा रहेछन् । केही समय त लाग्यो त्यहीं बस्ने भातेहरुले पो देश हाँकेका हुन् कि । साना कोही भेटिनँ । सबै ठूला मात्रै । यति भनेर केहीबेर जेलभित्र घटेका घटना बताएँ । मध्यरातसम्म मुलुकको हित र छाप्रेको उन्नतिले हाम्रो कुराकानीमा प्रवेश पाइरह्यो । कुराकानी तब रोकियो जब निदाएँ ।

मरिचमानलाई भेटेर निस्किंदा सशंकित भएँ । सुराकीले पिछा गरिरहेको जस्तो लाग्यो । थाहा नदिई हत्या गर्ने हुन् कि जस्तो । पुरनमान र उसका लठैतहरु सबैभन्दा खतरनाक भए । सधैं चढ्ने स्कुटर छाप्रोमै छाडेर सार्वजनिक गाडी चढें । बस्ने र खाने पहिलाका ठाउँमा पस्न छाडें । जेलबाट छुटेर कसैलाई खबर नगरी एकाएक दामनपालुङमा झुल्किएँ । आफूले जिताएर पठाएका जनप्रतिनिधि र आफ्नो भलो चाहने जनमुखीलाई देखेर मजदुर, किसान र छाप्रेमा उत्साह छायो । सारा मकवानपुर उज्यालो भयो । थाहा पाएका जनमुखी भेट्न आए ।

जनमुखी साथमा लागेर हेटौंडा पुगें । केही जनमुखीलाई थुनेका रहेछन् । उनीहरुको खोजी गर्न जनमुखीकै टोली बन्यो । म भने कतै गइनँ । कहाँ बस्छु ? कहाँ जान्छु ? स्वयम् सँगै हिंडेका जनमुखीले समेत थाहा पाउन छोडे । हिंड्ने बाटो बदलें । जर्मन जाने विषयमा राजासँग भएको कुराकानी सुनायो मरिचमानले । मैले इच्छा देखाउँदा मरिचमान निकै हर्षित भयो । नवराज सुवेदीलगायत केही पन्चेको टोलीमा म पनि जर्मनी गएँ । जर्मनीमा मार्क्स जन्माउने चेलीहरुको स्वतन्त्रता देखेर चकित परें । हाम्रा चेलीहरुको हविगत सम्झें ।

**सिन्को**

आफ्नै छाप्रोमा बसेको थिएँ । काठमाडौंमा मेरो व्यस्तता बढ्यो । निर्मल लामा, शम्भुराम श्रेष्ठ, स्वनाम साथी आए । जर्मनीबाट ल्याएका मार्क्सका किताब र मार्क्सको फोटो अंकित सामानमा ध्यान लगाए । ‘ओहो मार्क्स आज हाम्रो छाप्रोमा आइपुगे । यी छाप्रोका मार्क्स हरेक छाप्रोमा पुग्न सक्लान् ?’ स्वनाम साथीले गहिरो कुरो बोल्यो । ‘हरेक छाप्रेकहाँ मार्क्स पुगेको दिन, हरेक छाप्रेले मार्क्स थाहा पाएको दिन, हरेक छाप्रेले राजनीति बुझेको दिन, स्वर्णिम हुनेछ’ उसको भनाइमा मैले प्रतिक्रिया दिएँ । अरु गए । शम्भुराम र म दुवैजना कुरा गर्दै विष्णुमती किनारतिर लाग्यौं ।

*(अनलाइनखबरबाट)*

(रुपचन्द्र विष्टको जीवनीमा आधारित चौलागाईंको प्रकाशोन्मुख उपन्यास ‘रुदाने’ को एक अंश)

### पुन: सम्पादनसहित

# ‘सिनेमाघर एप’मा आयो ‘डिग्री माइला’




काठमाडौं/नेपालको ‘नम्बर वान’ ओटीटी प्लेटफर्म सिनेमाघर एपमा गत वर्षको सफल फिल्म ‘डिग्री माइला : एमए थर्ड क्लास’ रिलिज भएको छ । फिल्मको पुन: सम्पादित संस्करण एपमा रिलिज गरिएको हो । नयाँ सम्पादनमार्फत फिल्मको कथ्य शैलीलाई नयाँ स्वरूपमा प्रस्तुत गरिएकाले हल रिलिजमा हेरिसकेका दर्शकहरूलाई पनि फरक अनुभव हुने निर्देशक तथा लेखक रामबाबु गुरुङले बताए ।

हल रिलिजको बेला दर्शकहरूले फिल्म केही सुस्त गतिमा रहेको भन्ने प्रतिक्रियालाई आधार मानेर पुन: सम्पादन गरिएको निर्देशक गुरुङको भनाई छ । उनले भने, ‘हामीले गल्तीलाई सुधार गर्नको लागि पुन: सम्पादन गरेका होइनौं । केही दर्शकहरूले गति केही सुस्त भएको प्रतिक्रिया दिएका थिए । त्यस प्रतिक्रियालाई ध्यानमा राख्दै हामीले प्राविधिक सुधारको उपायहरू मात्र खोजेका छौं ।’

सिनेमाघर एपलाई एन्ड्रोइड तथा आइओएस मोबाइलहरूमा मात्र नभइ स्मार्ट टीभी प्लेटफर्महरूमा पनि विस्तार गरिएको छ । अब दर्शकहरूले ‘डिग्री माइला’सहितका फिल्म एन्ड्रोइड टीभी, अमेजन फायर टिभी, एलजी वेबओएस र सामसुङ स्मार्ट टीभीहरूमा सजिलै स्ट्रिम गरेर हेर्न सक्नेछन् ।

एपमा फिल्मको शुल्क २ सय रुपैयाँ तोकिएको छ । यो मूल्य हलभन्दा लगभग आधाले कम हो ।

सिनेमाघरका सिईओ सागर खरेलले एपको प्रयोग विश्वभरबाट सजिलै सम्भव रहेको र अब वेब ब्राउजरबाट पनि प्रयोग गर्न सकिने गरी विस्तार गर्ने तयारी भइरहेको बताए ।

यो सुविधाले डिजिटल प्लेटफर्ममा फिल्म हेर्ने अनुभवलाई अझै सहज र रमाइलो बनाउने उनको दाबी छ । सिनेमाघर एपमा यसअघि ‘कबड्डी ४’, ‘महापुरुष’, ‘भष्मे डन’, ‘जारी’ जस्ता सफल पनि रिलिज भइसकेका छन् ।

# ‘देव वाणी’ गीतमा कुन्दन र अनुजाको प्रेम



काठमाडौं/बाबु बलामीद्वारा निर्देशित फिल्म ‘देव वाणी’को पहिलो गीत सार्वजनिक गरिएको छ । आइतबार एक कार्यक्रमका बीच सार्वजनिक ‘तिमीलाई सधैं भरी’ गीतमा प्रताप दास र सुनिता कार्कीको गायन, भोला पौडेलको शब्द, मनोहर सुनाम र सन्तोष प्रगाढको संगीत छ । तेन्जु योञ्जनको कोरियोग्राफीमा बनेको गीतमा अभिनेता कुन्दन भारद्वाज र अभिनेत्री अनुजा लेप्चाको प्रेमलाई दर्शाइएको छ ।

मौसम फिल्मस् प्रोडक्सन हाउस तथा अनुजा इन्टरटेनमेन्टको ब्यानरमा बनेको फिल्ममा कुन्दन र अनुजा लेप्चासहित सुनिल थापा, ब कोइराला, नन्दु श्रीवास्तव, अमिता श्राप, मौसम पौडेल, देव सिंह, प्रदीप ढकाल, लक्ष्मीनाथ तिमल्सिना, मौसम पौडेल आदिको अभिनय छ । यसमा निराजन मेहता मन्जिलको पटकथा र संवाद, हरिबहादुर घलेको छायांकन, श्री श्रेष्ठ र देव महर्जनको द्वन्द्व छ ।

तेन्जु योञ्जनसहित रामजी लामिछानेको पनि कोरियोग्राफी रहेको ‘देव वाणी’मा बन्दे प्रसादको सम्पादन छ । फिल्ममा मीना खड्का र हिराबहादुर लेप्चा निर्माता छन् ।

फिल्मको कार्यकारी निर्माता मनकुमार लेप्चा र रमेश ढुंगेल ‘झापाली’ हुन् । यसलाई नेपाली र हिन्दी गरी दुई भाषामा निर्माण भएको छ । यो फिल्म आगामी मंसिर ७ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने तयारीमा रहेको छ ।

हाम्रो सुमो सेवाको



नयाँ प्रस्तुति...

Electric Van (EV)
विद्युतीय यात्रुबाहक सेवा





२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन** Electric Van (EV) मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौंडा–काठमाडौं–हेटौंडा | हेटौंडा–वीरगञ्ज–हेटौंडा

*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालक: भेष खड्गी

**हाम्रो सुमो सेवा**

हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)

९८४५४५७५०७, ९८५५०६८८७३

# सहमति कार्यान्वयनमा तदारुकता देखाउन व्यवसायीको अनुरोध

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/हेटौंडा उपमहानगरपालिकासँग करवृद्धि विरुद्धको आन्दोलनलाई सहमतिबाट टुंग्याएका व्यवसायीले त्यसको कार्यान्वयनमा तदारुकता देखाउन अनुरोध गरेका छन् ।

हेटौंडा उपमहानगर पालिकालाई तत्काल नगरसभा बैठक बोलाएर वृद्धि भएको करको दर संशोधनका लागि तदारुकता देखाउन मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ, होटल एसोसिएसनलगायत व्यावसायिक संघसंस्थाले आइतबार पत्रकार सम्मेलन गरेर अनुरोध गरेका हुन् । उपमहानगरपालिकासँग भएको सहमति कार्यान्वयन नभए आन्दोलनलाई पुन: शसक्त ढंगबाट अगाडि बढाउन बाध्य हुने मउवा संघका अध्यक्ष कृष्णकुमार गुप्ताले जानकारी दिए ।

आगामी पहिलो नगर सभाबाट व्यवसायीको माग पूरा गर्ने लिखित समझदारी बनेको र जसको कारण आन्दोलन स्थगित गरेको संघका बरिष्ठ उपाध्यक्ष अनिल अग्रवालले बताए । उद्योगी व्यवसायीमाथि बेलाबेलामा हुने गरेका ज्यादतिविरुद्ध व्यावसायिक स्थायित्व र संस्थागत विकासको लागि यस



संघ संधै दृढताका साथ लागि रहने संघका उपाध्यक्ष उज्वल चौलागाईले बताए ।

हेटौंडा उपमहानगर पालिकासँग ३२ साउनमा ८ बुँदामा सहमति गर्दै करबृद्धिबिरुद्ध आन्दोलनरत् व्यवसायीले जारी आन्दोलन स्थगित गरेका थिए । उपमहानगरको कार्यपालिकाले गरेको करवृद्धिविरुद्ध मउवा संघ, निर्माण व्यवसायी संघ, होटल एशोसिएसन तथा विभिन्न वस्तुगतसंघले आव्हान गरेको आन्दोलनमा उपमहानगरले वार्ताको लागि साउन ३० गते पत्राचार गरेको थियो । मागलाइ तत्काल सम्बोधन गर्ने लिखित प्रतिवद्धता माग गर्दै संघले उपमहानगरसमक्ष सात बुँदामा प्रस्ताव गरेको थियो ।

सबै शीर्षकमा वृद्धि गरिएको कर सतप्रतिशत फिर्ता गरी पुरानै दर कायम गरिनु पर्ने, अवैज्ञानिक विज्ञापन कर खारेज गरिनु पर्ने, उपभोक्त समितिमार्फत् हुने सबै प्रकारको विकास निर्माणको काम निर्माण व्यवसायीमार्फत् गरिनु पर्ने माग गरिएको थियो । त्यस्तै, होटल व्यवसायलाई रातको १२ वजेसम्म सेवा संचालनको प्रत्याभूत गरिनु पर्ने तथा पुन वैज्ञानिक वर्गीकरण गरिनु पर्ने, निर्माण व्यवसायीले विभिन्न समयमा काम गरी भुक्तान गरिसकिएको भ्याट रकम पुन: शीर्षक परिवर्तन गरी वक्यौता देखाइएको उपमहानगरको गल्ती तत्काल सच्याउनु पर्ने, घर बहाल कर वर्गिकरण गरी घरधनी स्वयमले भुक्तान गर्ने व्यवस्था मिलाउनु पर्ने माग आन्दोलनरत पक्षले राखेको थियो ।

शुक्रबार साँझ भएको सहमतिअनुसार मकवानपुर उद्योग वाणिज्य संघलगायत व्यावसायिक संघसंस्थाले उठाएका विषयमा आगामी नगरसभाबाट सम्बोधन गर्ने प्रतिबद्धता उपमहानगरले गरेको छ । उपमहानगरप्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम, उपमहानगर प्रवक्ता सविन न्यौपाने र व्यवसायीको तर्फबाट मउवा संघका अध्यक्ष अग्रवाल गुप्ता, निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कंडेल, मउवा संघ उपाध्यक्ष चौलागाई, राजु अधिकारी, होटल एसोसिएसनका उपाध्यक्ष कल्याण पौडेलले सहमतिपत्रमा हस्ताक्षर गरेका छन् ।

सहमतिपछि उपमहानगरले चालु आर्थिक वर्ष २०८१/८२ मा वडातहबाट हुने खर्च दायित्व सिर्जना नगर्न नगराउन सबै वडा कार्यालयलाई सूचना जारी गरेको छ । कार्यपालिका बहुमत सदस्यले बिशेष नगरसभा बोलाउन माग गरिरहेको र बिशेष नगरसभाले करबृद्धिको विषयमा गर्ने निर्णयले समग्र वडाको बिनियोजन संरचना नै बदलिने हुँदा अनिवार्य दायित्वका विषय अर्को आदेश नभएसम्मका लागि वडाबाट खर्च दायित्व सिर्जना नगर्न सूचना जारी गरेको हो ।

# मुख्यमन्त्री लामाले भने, 'पदमा रहुञ्जेल देखिने काम गर्छु'

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले आफू जति दिन पदमा भएपनि देखिने काम गर्ने बताएका छन् । ३० औं तामाङ प्रसारण दिवसको अवसरमा शनिबार काठमाडौंमा आयोजित मिडिया अवार्ड २०८१ वितरण समारोहमा उनले सो कुरा बताएका हुन् ।



तामाङ पत्रकार संघले आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री लामाले राज्यको संरचनामा प्रतिनिधित्व हुनु ठुलो विषय भएको प्रतिनिधित्व भएमात्र काम गर्ने अवसर मिल्ने चर्चा गरे । राज्यको सबै संरचनामा सबै समुदायको प्रतिनिधित्व नहुँदासम्म समुदायको उत्थान हुन नसक्ने उनको भनाइ छ । बागमती प्रदेशको मुख्यमन्त्री भएपछि आफूले बागमती प्रदेशसभामा तामाङ र नेवा समुदायबाट भाषिक उल्थाका लागि कर्मचारी व्यवस्थापनको काम सुरु गरेको बताए । बागमती प्रदेशमा नेपाली, तामाङ र नेवा: गरी तीन भाषा सरकारी कामकाजको भाषाको रुपमा रहेकाले अनुवादकको आवश्यकता परेको उनले प्रष्ट पारे ।

तामाङ समुदायबाट आफू नै पहिलो मुख्यमन्त्री बन्ने अवसर पाएको चर्चा गर्दै उनले पदमा रहेसम्म इमानदारितापूर्वक सम्झनलायक काम गर्ने प्रतिबद्धता जनाए । त्यसकालागि समुदायलाई सहयोग गर्न उनले आग्रह गरे । नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान बलले नेपाल टेलिभिजनबाट अहिले विभिन्न ६ वटा मातृभाषाका समाचार प्रसारण भइरहेको जानकारी दिए । तामाङ पत्रकारलाई गोलबद्ध गरी वृत्तिविकासमा समेत संघको योगदान महत्वपूर्ण रहेको उनले चर्चा गरे । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) का वरिष्ठ उपाध्यक्ष लक्की चौधरीले मातृभाषि पत्रकारिता आदिवासी पत्रकारको जग भएको चर्चा गर्दै पत्रकारिता पेसामा टिकाइराख्न समुदाय र राज्य दुवैको सहयोगको खाँचो रहेको बताए ।

फोनिजले आदिवासी पत्रकारको वृत्तिविकाससँगै एकीकृत गर्ने काम पनि गरिरहेको उनले जानकारी गराए । संघका अध्यक्ष सुवास योन्जनको सभापतित्वमा भएको कार्यक्रममा दुईजना पत्रकारलाई सम्मानित गरिएको छ । नयाँ पत्रिकाका पत्रकार राजु स्याङ्तान र नेपाल टेलिभिजनकी कार्यक्रम प्रस्तोता शान्ति लामा बाइवालाई नगद ५ हजार सहित सम्मानपत्रले सम्मानित गरिएको हो । कार्यक्रममा भाषाविद् अमृत योन्जन, रविन्द्रसिं तामाङ, रोशी गाउँपालिका काभ्रेका अध्यक्ष दिनेश लामा, पत्रकार सञ्चु ब्लोन, लालकुमार मोक्तान, टासी लामा, लक्ष्मी तामाङलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# बकैयामा पाँच दलको अनिश्चितकालीन तालाबन्दी

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/ मकवानपुरको बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको मनोमानी ढंगले चलेको भन्दै कार्यालयमा पाँचवटा राजनीतिक दलले अनिश्चितकालीन तालाबन्दी गरेका छन् ।

गाउँपालिकामा अनियमितता बढेको विषयमा आफूहरुले पटकपटक ध्यानाकर्षण गर्दा समेत अध्यक्ष लामिछानेले आफूखुशी एकलैटी तरिकाले चलेको, आफ्ना नजिकका कर्मचारीको सरुवा, प्रध्यानाध्यापकलाई दबाब दिएर राजीनामा गर्न लगाउने जस्ता विषयमा वेवास्ता गरेको भन्दै एमाले, माओवादीलगायत ५ दलले अनिश्चितकालीन तालाबन्दी गरेका हुन् ।

नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एस, नेकपा बहुमत, रास्वपालगायत ५ राजनीतिक दलले आइतबार कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेका हुन् ।

अध्यक्षले छलफल र समन्वय नै नगरी मनलाग्दी गर्न लागेपछि आफूहरुले बाध्य भएर तालाबन्दी गर्नुपरेको नेकपा एमाले बकैया इन्चार्ज नारायण तिमल्सिनाले बताएका छन् ।

५ राजनीतिक दलले संयुक्तरुपमा विज्ञप्ती जारी गरी गाउँपालिकाको अराजक क्रियाकलाप नसच्याए थप कडा आन्दोलनको चेतावनी समेत दिएको छ । केही दिनअघि गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीले पालिका अध्यक्ष लामिछानेले स्वास्थ्य शाखाको कर्मचारी तोक्ने क्रममा एकलौटी गरेको भन्दै तालाबन्दी गरेका थिए ।

फटिकरमण प्याकुरेल अधिकृतस्तर छैटौंलाई सामाजिक विकास र सोही तहका रमेश फुँयाललाई स्वास्थ्य शाखाको जिम्मेवारी तोक्ने गाउँपालिका अध्यक्ष लामिछानेले निर्णय गर्ने तयारी गरेसँगै उपाध्यक्ष खत्रीले असहमति जनाएका थिए । उपाध्यक्ष खत्रीले प्याकुरेललाई स्वास्थ्यशाखाको जिम्मेवारीमा नै राख्नुपर्ने माग गरेका थिए । यसअघि स्वास्थ्य शाखा र सामाजिक विकास शाखाको जिम्मेवारी प्याकुरेलले सम्हाल्दै आएका थिए ।

## हेटौंडाका बोम्जनलाई भोट गर्न परिवारको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/ हेटौंडा-१५ का युवा आयुष बोम्जनलाई मिस्टर नेपाल २०२४ जिताउन अहिले उनको परिवारले विभिन्न माध्यमबाट जिताउन आग्रह गरेका छन् । पछिल्लो समय मकवानपुरमा उनको लागि भोटिङ गर्न विभिन्न संघसंस्थाले सार्वजनिक आव्हान गर्नुका साथै अभियान नै सञ्चालन गरिरहेका छन् ।

आइतबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै बोम्जनका बुबा केशर बोम्जनले भोटिङ राउण्डमा पुगेका आयुषलाई भोट गरिदिनको लागि अपिल गरेका छन् । बोम्जनलाई धेरै भन्दा धेरै भोट दिएर मिस्टर नेपालको ताज जिताउन उनले आग्रह गरे । मकवानपुरले मिस नेपालको रुपमा श्रृंख्ला खतिवडा पाइसकेको अवस्थामा आयुषलाई मिस्टर नेपाल बनाउन सबैको सहयोग जरुरी रहेको उनको परिवारको भनाई छ ।

'मकवानपुरकै प्रतिनिधित्व गर्दै अहिले आयुषले मिस्टर नेपाल २०२४ मा प्रतिस्पर्धा गरिरहेको छ । यो अवस्थामा सबैको सहयोगको अपेक्षा गरेका छौं', आयुषका बुवा केशरले भने, 'जतिसक्दो धेरै भोटिङ गरिदिनुहुन मकवानपुरबासीसहित हामीलाई माया गर्नुहुने सम्पूर्णमा हार्दिक अनुरोध गर्दछौं ।' कन्टेस्टेन्ट नम्बर ६ का आशिषलाई जिताउन प्रचार प्रसार तीव्र बताउँदै अभियान नै चलाइएको वडा नम्बर १५ का अध्यक्ष सुनिल मोक्तानले बताए । हेटौंडा स्कुल अफ म्यानेजमेन्टमा स्नाकोत्तर अध्ययनरत आयुषलाई इसेवा मार्फत् भोट गर्न सकिनेछ ।





सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पर्‍यो विदेश ?

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिरनेरीको रुपमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

Singhababini Moto Corp Pvt. Ltd.

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५



HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७०००२२६४ | झलक बर्तोला | हेटौंडा-१९, मकवानपुर |
| २ | PLI१५१००१३०३४(S) | चुडामणी अर्जेल | मनहरी-०३, मकवानपुर |



**ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना**

ई-रिक्सा (मयुरी) को पुरानो पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

५०% बैंकिङ सुविधा


सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७



२०६२ सालदेखि चौकीटोल ओरालोमा रहेर सेवारत **लामा फ्रेस मिट सप**
अब नयाँ स्थान र नयाँ नाममा उही उत्कृष्ट सेवासहित...

**ओम फ्रेस मिट सप**

**आजदेखि शुभारम्भ**






यहाँ ब्रोइलर, लोकल र लोहाटन कुखुरा तथा खसी, बोकाको मासु पाइनुका साथै चिकेन र मटन म:म को किमा पनि पाइन्छ ।

प्रोप्राइटर:
नुतन लामा

**ओम फ्रेस मिट सप**

हेटौंडा-२ चौकीटोल ओरालो (मन्त्रालय भवनको अगाडि)
सम्पर्क नं. ९८४५०२८४६६, ९८४५८६३७२१


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना